## मिति २०८२ साल कार्तिक २४ गतेको सैनामैना नगरकार्यपालिका बैठकका निर्णयहरु

### निर्णय नं. १

स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदमा उल्लेख भए बमोजिम सैनामैना नगरपालिका वडा नं.११ मा अवस्थित फुलमति थारु, मदन थारु, मंजु कुमारी थारु, रामदशइ थारु, कोकै थारु र दासु प्रसाद थारुको जग्गाबाट कुल परिमाण ११,४६८।१३ घन मिटर माटो र वडा नं. १ मा अवस्थित नेपाल सामुदायिक योग तथा प्राकृतिक चिकित्सा केन्द्र सैनामैना १ रुपन्दलेहीले भोग चलन गरेको जग्गाको प्लट १, २, ३ र ४ बाट गरी चार वटा प्लटको कुल परिमाण २२,८०७।८९ घन मिटर निर्माणजन्य पदार्थ (ढुङ्गा, गिटी, वालुवा) सैनामैना नगरपालिकाको आर्थिक ऐन, २०८२ ले तोके बमोजिमको रोयल्टी (प्राकृतिक स्रोतको संङ्कलन तथा विक्रि शुल्क) लिई ढुङ्गा, गिटी, वालुवा उत्खनन, विक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ को दफा १२ बमोजिमको प्रकृया पूरा गरी वुटवल-गोरुसिङ्गे-चन्द्रौटा सडक आयोजनाका लागि उपलब्ध गराउने निर्णय गरियो ।

### निर्णय नं. २

सैनामैना नगरपालिका शीत भण्डार सन्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ सम्बन्धमा छलफलमा उठेका बिषयहरुलाई समावेश गरी अर्को बैठकमा पेश गर्ने निर्णय गरियो ।

### निर्णय नं. ३

सैनामैना नगरपालिका नगरकार्यपालिकाको नियमित मासिक बैठक प्रत्येक महिनाको १० गते वस्ने, सो दिन सार्वजनिक विदा परेमा तत् पश्चात कार्यालय खुल्ने दिनमा बस्ने निर्णय गरियो।

### निर्णय नं. ४

सैनामैना नगरपालिकामा संचालनमा रहेको शहरी उत्थानशीलना तथा जीवनयापन सुधार आयोजना (Urban Resilience and Livability Improvement Project, URLIP) अन्तर्गत नगरपालिकाले छनौट गरी सञ्चालन गरेको Drainage, Road, Footpath and Street Improvement आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन सम्बन्धमा नगर विकास कोष र सैनामैना नगरपालिका बीच गरिने उप सहायक ऋण सम्झौता गर्ने अख्तियारी नगर प्रमुख श्री फणेन्द्र प्रसाद शर्माज्यूलाई दिने निर्णय गरियो ।

तुल्सीराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख